म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३९ आइतबार, २० पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 4 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ६६ किलोग्राम गाँजासहित तीनजना पक्राउ

हेटौंडा, १९ पुस/मकवानपुर प्रहरीले ६६ किलोग्राम प्रतिबन्धित लागूऔषध गाँजासहित तीनजनालाई पक्राउ गरेको छ । प्रहरीकाअनुसार शुक्रबार राति करिब ८ बजे इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीटोलीले राक्सिराङ गाउँपालिका-८ युक्तीखोलाको किनारमा पिठ्युँमा भारी बोकी हिँडिरहेका व्यक्तिलाई शंकास्पद अवस्थामा देखी नियन्त्रणमा लिएको हो । खानतलासी गर्ने क्रममा उनीहरुले बोकी ल्याएको बोराबाट ६ पोकामा प्याक गरिएको ६६ किलाग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-८ क्याङराङ बस्ने ४१ वर्षीय मनिकलाल प्रजा, सोहीस्थानका १९ वर्षीय दीपक भन्ने थोमा प्रजा र १९ वर्षीय सागर तामाङ रहेका छन् । बरामद गरिएको गाँजासहित उनीहरुलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

### एक वडा एक कृषि उत्पादन कार्यक्रममा बजेट छैन

## यसवर्ष ५ वटा स्थानीय तहमा मात्रै कार्यान्वयन हुने

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ बागमती प्रदेश सरकारको समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन कार्यक्रम' चालू आर्थिक वर्षमा बजेट अभावका कारण खुम्चिएको छ ।

प्रदेशभर कृषि उत्पादनमा आत्मनिर्भर वडा निर्माण गर्ने लक्ष्यसहित सुरु गरिएको महत्वाकांक्षी कार्यक्रममा सरकारले बजेट बिनियोजन गर्न सकेको छैन । भाषणमा मात्र उत्पादनका कुरा गर्ने प्रबृत्ति पुन दोहोरिएको छ । प्रदेश सरकासँग बजेट अभावकै कारण यसवर्ष ५ वटा स्थानीय तहमा मात्रै कार्यान्वयन हुने भएको छ । प्रदेश सरकारले २०८०/८१ देखि कार्यान्वयनमा ल्याएको यो कार्यक्रम हालसम्म बागमती प्रदेशका ७५ वटा स्थानीय तहमा सञ्चालन भइसकेको थियो ।

तीमध्ये ४५ स्थानीय तहमा कृषिबाली उत्पादन र ३० स्थानीय तहमा पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम कार्यान्वयन हुँदै आएका छन् ।



चालू आर्थिक वर्षमा भने कृषिबाली उत्पादनतर्फ ३ वटा स्थानीय तह र पशुपन्छी तथा मत्स्यजन्य उत्पादनतर्फ २ वटा स्थानीय तहमा मात्रै कार्यक्रम सञ्चालनको तयारी भइरहेको छ । सम्बन्धित स्थानीय तहसँगको सम्झौता प्रक्रिया अन्तिम चरणमा पुगेको जनाइएको छ । समुदायमा आधारित खेतीप्रणालीको अनुशरण गर्दै कृषिउत्पादन, प्रशोधन र बजारीकरणमार्फत वडा तहमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले प्रदेश सरकारले यो कार्यक्रम अघि बढाएको थियो । हालसम्म १४ स्थानीय तहमा तरकारी खेती, ११ मा कफी, ५ स्थानीय तहमा आलुखेती हुँदै आएको छ ।

प्रदेशका ३ वटा पालिकामा सुन्तला र तीन वटामा किवीखेती गरिएको छ । यस्तै कागती, च्याउ, अलैंची, लिची, मसलाबाली, मेवा, कोदो र फूल उत्पादन पनि एक-एक स्थानीय तहमा सञ्चालनमा छन् । पशुपन्छी तथा मत्स्यजन्य उत्पादनतर्फ बागमती प्रदेशका १६ स्थानीय तहमा गाईभैंसीपालन, ८ मा बाख्रापालन, दुई-दुई स्थानीय तहमा चौरी र माछापालन, तथा एक स्थानीय तहमा लोकल कुखुरा र भेडापालन कार्यक्रम सञ्चालनमा छन् । तर, चालू आर्थिक वर्षमा बजेट अभावका कारण दुई स्थानीय तहमा मात्रै सम्झौता हुन लागेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक गौरीमान श्रेष्ठले जानकारी दिए ।

एकवडा एक कृषि उत्पादन कार्यविधि २०८० अनुसार कार्यक्रम सञ्चालनमा प्रदेश सरकारको ६० प्रतिशत, स्थानीय तहको २० प्रतिशत र कृषक समूह वा सहकारीको २० प्रतिशत लागत साझेदारी रहने व्यवस्था छ । कार्यक्रममा सहभागिता जनाउन कृषि, पशुपन्छी वा मत्स्य क्षेत्रमा कार्यरत २५ जना वा सोभन्दा बढी सदस्य भएको वडा कार्यालयमा सूचीकृत समूह वा कृषि सहकारी हुनुपर्नेछ । प्रदेश सरकारले सम्झौता भएको पहिलो वर्ष ४० लाख रुपैयाँ बजेट उपलब्ध गराउने र दोस्रो वर्षदेखि क्रमश: वार्षिक ३० लाख रुपैयाँ भुक्तानी गर्दै जाने व्यवस्था गरेको छ ।

चालू आर्थिक वर्षबाट सम्झौता भएका स्थानीय तहले भने वार्षिक ३० लाख रुपैयाँ पाउनेछन् । कार्यक्रम कार्यान्वयनका लागि कृषिमन्त्रीको अध्यक्षतामा निर्देशक समिति र निर्देशनालयका निर्देशक संयोजक रहने कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गरिएको छ । यी समितिले स्थानीय तह छनोट, नीति निर्देशन, कार्यान्वयन सहजीकरण, अनुगमन तथा मूल्यांकन गर्ने जिम्मेवारी पाएका छन् । छनोट भएका वडा तथा लक्षित समुदायसँगको संझौतामा अधिकतम ५ वर्षसम्म कार्यक्रम सञ्चालन हुनेछ ।

### मकवानपुरमा रुपचन्द्र बिष्ट मार्गमा ३ करोडको काम सुरु

## राजमार्गस्तरमा काम गर्न डिपिआर निर्माण हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ नेपालमा थाहा आन्दोलनका प्रणेता तथा जनअधिकारका प्रवर्तक स्व. रुपचन्द्र बिष्टको नाममा नामाकरण गरिएको रुपचन्द्र बिष्ट मार्ग निर्माणको काम सुरु भएको छ ।

चालु आर्थिक वर्षमा विनियोजित ३ करोड रुपैयाँको बजेटबाट राक्सिराङ गाउँपालिका-३ खण्डमा सडक निर्माणकार्य औपचारिक रुपमा प्रारम्भ गरिएको मकवानपुर क्षेत्र नम्बर २ का निवर्तमान सांसद महेशकुमार बर्तौलाले बताएका छन् । निबर्तमान सांसद बर्तौलाको विशेष आतिथ्यतामा सडक निर्माणकार्यको शुभारम्भ राक्सिराङ गाउँपालिका-३ का ज्येष्ठसदस्य ८७ वर्षीय कृष्णबहादुर पाखिङ र सिहबहादुर पाखिङले गरेका हुन् । संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत यस मार्गलाई राजमार्गस्तरमा विकास गर्ने उद्देश्यसहित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणको काम अगाडि बढिसकेको जनाइएको छ ।

पालुङ हुँदै कैलाश, राक्सिराङ र मनहरी जोड्ने यस मार्ग रुपचन्द्र बिष्टको नाममा नामाकरण गरिएको हो । किसान, निमुखा, असहाय र गरिब जनताका नेता तथा जनमुखी अगुवाकारुपमा चिनिने बिष्टको विचार र योगदानलाई स्मरण गर्दै मार्ग निर्माणलाई प्राथमिकतामा राखिएको स्थानीय जनप्रतिनिधिले बताएका छन् । यो मार्ग निर्माण सम्पन्न भएपछि त्रिभुवन राजपथ र महेन्द्र राजमार्गलाई जोड्ने वैकल्पिक र छोटो मार्गकारुपमा विकास हुने अपेक्षा गरिएको छ । जसका कारण मनहरीदेखि काठमाडौंसम्मको यात्रा अझ सहज, सुरक्षित र छिटो हुने विश्वास गरिएको छ ।

सडक निर्माणले विशेष गरी राक्सिराङ र कैलाश क्षेत्रका बासिन्दालाई प्रत्यक्ष लाभ पुग्नेछ । यातायात पहुँच विस्तारसँगै कृषि उपजको बजारिकरण, सेवासुविधामा पहुँच र समग्र सामाजिक आर्थिक विकासमा टेवा पुग्ने स्थानीयको अपेक्षा छ ।


हार्दिक बधाई तथा शुभकामना



श्री जीतेन्द्र तिवारी



श्री संजयकुमार गुप्ता

हेटौंडा अटोमोबाइल्स एशोसियनको १२ औं अधिवेशनबाट यस संयुक्त मधेसी सेवा समाज नेपालका सल्लाहकार **श्री जीतेन्द्र तिवारी**ज्यु वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचित तथा यस संस्थाका सदस्य **श्री संजयकुमार गुप्ता**ज्यु महासचिव पदमा निर्बिरोध चयन हुनुभएकोमा वहाँहरुसहित नवनिर्वाचित सम्पूर्ण कार्यसमितिका पदाधिकारीहरुमा हार्दिक बधाई एवम् कार्यकाल सफलताको शुभकामना ब्यक्त गर्दछौं ।

**रविरंजन कुमार कलवार**
**(अध्यक्ष)**
**एवम्**
**संयुक्त मधेसी सेवा समाज नेपाल, परिवार**
**मकवानपुर**


## आगलागीमा परेर १५ हजारभन्दा बढी चल्ला नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ हेटौंडा-१७, गौरीगाउँमा भएको आगलागीमा परेर १५ हजारभन्दा बढी चल्ला नष्ट भएका छन् ।

शुक्रबार साँझ करिब पौने पाँच बजेको समयमा भएको आगलागीमा १५ हजार १८२ वटा चल्ला मरेको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । आगलागीबाट करिब २२ लाख रुपैयाँ बराबरको क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक मुकुन्दप्रसाद रिजालले जानकारी दिएका छन् । उनका अनुसार खोरमा राखिएका तीन दिनका १६ हजार ८२ वटा चल्लामध्ये ९०० वटा चल्लाको उद्दार गरिएको थियो । बाँकी चल्ला आगलागीमा जलेर नष्ट भएका हुन् ।

हेटौंडा-८, कमाने बस्ने ४१ वर्षीय राजु अधिकारीले सञ्चालन गरेको पशुपति पोल्ट्री फर्ममा चल्लालाई ब्रिडिङ गर्ने क्रममा प्रयोग गरिएको ग्यास बुडरको तापक्रम अत्यधिक बढ्दा भुइँमा ओछ्याइएको भुसमा आगो सल्किएर आगलागी भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । आगलागीबाट मानवीय तथा अन्य भौतिक क्षति भने नभएको प्रहरीले जनाएको छ । स्थानीयवासी र प्रहरीको सहयोगमा करिब एक घण्टापछि आगो नियन्त्रणमा आएको अस्थायी प्रहरी पोस्ट हटियाले जानकारी दिएको छ ।

## नेपाल ज्योतिष परिषद् मकवानपुरको नयाँ नेतृत्व चयन

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/नेपाल ज्योतिष परिषद्, जिल्ला कार्यसमिति मकवानपुरले नयाँ नेतृत्व चयन गरेको छ । शनिबार सम्पन्न अधिवेशनबाट अध्यक्षमा ध्रुवप्रसाद सापकोटा चयन भएका छन् ।

यादवराज बराल, नारायण प्रसाद पौडेल र चेतबहादुर स्याङतान उपाध्यक्ष पदमा निर्वाचित भएका छन् । समितिको सचिवमा जीवराज बखेल चयन भएका छन् भने नवीन नेपाल र नन्दप्रसाद घिमिरे सहसचिव पदमा चयन भए । केशवप्रसाद सापकोटा कोषाध्यक्षमा निर्वाचित भएका छन् । गोकर्ण पराजुली सहकोषाध्यक्षमा चयन भए । कार्यसमितिका सदस्यमा रामेश्वर धिताल, अनमोल धिताल, देवकृष्ण घिमिरे, पिताम्बर ढकाल, राजेन्द्र ढुंगाना, गहन खतिवडा, मौसम ढकाल, केशव आचार्य, तुलसा न्यौपाने, डिकनाथ पौडेल, शिवप्रसाद पौडेल र भरतबहादुर सिलवाल रहेका छन् ।

नवनिर्वाचित कार्यसमितिले जिल्लामा ज्योतिषशास्त्रको संरक्षण, संवर्द्धन तथा व्यवस्थित विकासमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता जनाएको छ । ज्योतिषीय ज्ञानलाई वैज्ञानिक र व्यावहारिक ढंगले समाजसम्म पुऱ्याउने, युवा पुस्तालाई यसक्षेत्रमा आकर्षित गर्ने तथा धार्मिक, सांस्कृतिक मूल्यमान्यताको संरक्षणमा योगदान पुऱ्याउने लक्ष्य लिइएको जनाइएको छ । कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल ज्योतिष परिषद् केन्द्रीय अध्यक्ष केशवप्रसाद धितालले जिल्ला कार्यसमितिमा युवा ज्योतिषको उल्लेखनीय सहभागिता रहेको भन्दै यसले संस्थालाई थप सशक्त, क्रियाशील र अग्रगामी बनाउने विश्वास व्यक्त गरे ।

उनले युवाको सक्रिय सहभागिताले ज्योतिषशास्त्रलाई आधुनिक सोच, नयाँऊर्जा र वैज्ञानिक दृष्टिकोणसँग जोड्न मद्दत पुग्ने बताउँदै यसले संस्थाको गरिमा र प्रभाव दुवै बढाउने धारणा राखे । अध्यक्ष धितालले अनुभवी ज्योतिष र नयाँपुस्ताबीच समन्वय र सहकार्य आवश्यक रहेको उल्लेख गर्दै, यस्तो सहकार्यले संस्थालाई राष्ट्रियस्तरमै अझ माथि पुऱ्याउने आधार तयार हुने बताए । उनले ज्योतिषलाई निरन्तर अध्ययन, अनुसन्धान र सेवामुखी कार्यमा सक्रिय रहन आग्रह गर्दै परिषद् सधैं उनीहरुको क्षमता विकास र मार्गदर्शनका लागि साथमा रहने प्रतिबद्धता व्यक्त गरे ।




साझाकुरा

## हाम्रो कुरा

# गैरखाद्यवस्तुमा उच्चलगानी ?

विद्यालयमा शिक्षकले बालबालिकालाई जंकफुड (पत्रुखाना) नखानका लागि बारम्बार सुझाइरहेका हुन्छन् । अनि पत्रुखाना बिक्री पनि त्यही विद्यालयको सय मिटरभित्रै बढी हुने गरेको छ । स्वास्थ्य संस्थामा बालबालिकालाई स्वास्थ्य परीक्षण गर्न लैजाने अधिकांश अभिभावकलाई स्वास्थकर्मी वा बिज्ञचिकित्सकले जंकफुडबाट बालबालिकालाई टाढै राख्न सुझाव दिने गर्छन् । जंकफुडका कारण कतिपय बालबालिकामा समस्या बिकराल बनेको छ । तर, राज्यका बित्तीय संस्थाले तिनै जंकफुड उत्पादन गर्ने कम्पनीमा अत्यधिक लगानी गरिरहेको तथ्यांक बाहिरिएको छ । औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैरखाद्यवस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५ दशमलव २७ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाको स्रोतमा सबैभन्दा धेरै हिस्सा बागमती प्रदेशको रहेको छ । नेपाल राष्ट्र बैंकका अनुसार बागमती प्रदेश निक्षेप संकलन तथा कर्जा लगानीमा अन्य प्रदेशको तुलनामा सबैभन्दा माथिल्लो स्थानमा देखिएको हो । केन्द्रीय बैंकका अनुसार आर्थिक वर्ष २०८१/८२ सम्म ५५ खर्ब ८६ अर्ब २९ करोड रुपैयाँ कर्जा लगानी गरेका छन् । २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले ७२ खर्ब ९५ अर्ब ६९ करोड कर्जा लगानी गरेका छन् ।

गत आर्थिक वर्ष कर्जा निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १२१ दशमलव ६ प्रतिशत र गण्डकीमा सबैभन्दा कम ५८ दशमलव ३ प्रतिशत रहेको केन्द्रीय बैंकको अध्ययनले देखाएको छ । गत आर्थिक वर्ष बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १६ खर्ब ९९ अर्ब ४९ करोड पुगेको छ । वित्तीय क्षेत्रको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा अंश ३० दशमलव ४२ प्रतिशत हो । औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैरखाद्यवस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५ दशमलव २७ प्रतिशत, विद्युत, ग्यास तथा पानीसम्बन्धी उद्योगमा २६ दशमलव २६, कृषि, वन तथा पेयपदार्थसम्बन्धी उद्योगमा २१ दशमलव ८५, निर्माणसम्बन्धी उद्योगमा ११ दशमलव ७०, धातु उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिकसम्बन्धी उद्योगमा ४ दशमलव २३ र सबैभन्दा कम खानीसम्बन्धी उद्योगमा ० दशमलव ६९ प्रतिशत कर्जा प्रवाह भएको केन्द्रीय बैंक्ले जनाएको छ । औद्योगिक कर्जामध्ये बागमतीमा सबैभन्दा बढी १२ खर्ब ८० अर्ब ९७ करोड कर्जा लगानी छ । त्यसपछि कोशी र लुम्बिनीको हिस्सा क्रमश: दोस्रो र तेस्रो क्रममा छ । औद्योगिक कर्जामा कोशीमा प्रवाहित कर्जाको हिस्सा ९ दशमलव ५ प्रतिशत, मधेश ७ दशमलव ५, बागमती ७१ दशमलव ३, गण्डकी १ दशमलव ६, लुम्बिनी ८ दशमलव ३, कर्णाली ० दशमलव २ र सुदूरपश्चिमको १ दशमलव ६ प्रतिशत छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ४ दशमलव ६ र प्रचलित मूल्यमा ४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । २०८१/८२ को कुल गार्हस्थउत्पादन (जीडीपी) मा कृषि, उद्योग र सेवाक्षेत्रको योगदान क्रमश: २५ दशमलव २, १२ दशमलव ८ र ६२ दशमलव ० प्रतिशत रहने प्रारम्भिक अनुमान छ । मुलुकको जीडीपीमा बागमतीको हिस्सा सबैभन्दा धेरै ३६ दशमलव ५ प्रतिशत छ भने कोशी १५ दशमलव ९ र कर्णालीको हिस्सा भने सबैभन्दा कम ४ दशमलव २ प्रतिशत छ ।

२०८१/८२ मा उद्योगको औसत क्षमता उपयोग ४४ दशमलव ५ प्रतिशत छ । २०८०/८१ मा यस्तो क्षमता उपयोग ४८ दशमलव ३ प्रतिशत थियो । २०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रको कर्जा अंश ३० दशमलव ४२ प्रतिशत छ । विश्वव्यापी इन्धन तथा खाद्यवस्तुको मूल्यमा गिरावट आएका कारण मुद्रास्फीति न्यून भएको केन्द्रीय बैंकले जनाएको छ । त्यसैगरी ब्याजदर घट्दो अवस्थामा, जलविद्युत् उत्पादनमा उल्लेख्य वृद्धि, निर्यात र विप्रेषण आप्रवाहमा उच्च सुधार र निर्माण तथा उत्पादनमूलक उद्योगक्षेत्रमा देखिएको सुधारले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ । मौद्रिक सहजताका कारण आर्थिक वृद्धि औसतभन्दा बढी हुने देखिन्छ । २०८२/८३ मा आर्थिक क्रियाकलाप अघिल्लो वर्षको तुलनामा सकारात्मक हुने अनुमान छ । अर्थतन्त्रमा तरलता पर्याप्त रहेको, सरकारले सुशासन प्रवर्द्धन गर्दै पुनर्निर्माणकार्य अघि बढाएको, साना र तयारी नपुगेका आयोजनामा बजेट स्थगन गर्दै परियोजना प्राथमिकीकरण गरिएको लगायत कार्यले अर्थतन्त्र चलायमान भई आर्थिक गतिविधि बढ्ने अनुमान केन्द्रीय बैंकको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २१ गते सोमबार ५ जनवरी २०२६ । द्वितीया, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:२१ । श्री गुरु गोविन्द सिंह जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# युवा, तपाईंहरू कतै दुरुपयोग त हुनुभएन ?



डा. विजयकुमार पौडेल

महान् रूसी साहित्यकार निकोलाई चेर्निसेव्स्की (१८२८-१८८९) ले सन् १८६३ मा आफ्नो समयको ज्यादै चर्चित उपन्यास लेखेका थिए, जसको नाम थियो- 'के गर्ने' । निकोलाई चेर्निसेव्स्कीलाई 'समाज भड्काएको' आरोपमा पक्राउ गरेर शुरुमा सेन्ट पिटर्सवर्गको जेलमा राखियो र थप सजायका लागि साइबेरिया निर्वासित गरिएको थियो । जेल र निर्वासनका समयमा निकोलाई चेर्निसेव्स्कीले यो उपन्यास लेखेका थिए ।

यो उपन्यास अर्का रूसी साहित्यकार इभान तुर्गेनेभ (१८१८-१८८३) को सन् १८६२ मा प्रकाशित त्यतिकै चर्चित पुस्तक 'बाबु र छोरा' को जवाफमा लेखिएको थियो । 'बाबु र छोरा' उपन्यासमा शून्यवाद (निहिलिज्म)बाट प्रभावित विद्रोही नवयुवा अर्काडी क्रिसानोभ मूल पात्र रहेको छ । ऊ शुरुमा सबै परम्परागत मूल्यमान्यता भत्काउने ध्याउन्नमा लागेको हुन्छ तर कसरी गर्ने, कुन बाटो जाने भन्ने बारेमा ऊसँग कुनै योजनाबद्ध मार्गचित्र हुँदैन । परम्परागत सामन्ती विचार, मूल्य-मान्यता र निजी सुख-सुविधाको विरुद्धमा रहेको अर्काडी क्रिसानोभसँग कुनै सुसंगत विचार, एजेण्डा र योजना नभएकै कारण विस्तारै परम्परागत सामन्ती मूल्य-मान्यताका अगाडि आत्मसमर्पण गर्दै जान्छ र अन्त्यमा आफ्नो सामन्त पिता निकोलाई क्रिसानोभको जमिनदारी सम्हालेर बस्छ ।

परम्परागत सामन्ती समाजको दमनका विरुद्ध विद्रोही भावना बोकेका तर कता-कसरी जाने भन्ने मेलोमेसो नपाएका नवयुवाहरूलाई सही बाटो देखाउनुको साटो इभान तुर्गेनेवको उपन्यासले चरम निराशातिर लैजानुका साथै 'जे छ त्यसैमा चित्त बुझाएर बस, बाबु-आमाले जोसँग विवाह गरिदिन्छन्, त्यसलाई मान, प्रेम विवाहको चक्करमा नपर' भन्ने जस्ता सन्देश दिन्छ । तत्कालीन रूसी समाजमा जनस्तरबाट असंगठित भेलको रूपमा विभिन्न विद्रोही अभियान हुन्थे र छोटो समयमै तिनका नेता सामन्ती सत्ताका अगाडि लम्पसार पर्थे । त्यही सामाजिक परिवेशलाई इभान तुर्गेनेवले 'बाबु र छोरा' उपन्यासमा उतारेका थिए ।

सुरुआती समाजवादी विचारधारा (काल्पनिक समाजवाद)बाट प्रभावित बहुमुखी प्रतिभाका धनी महान् समाजवादी समीक्षक, पत्रकार तथा साहित्यकार निकोलाई चेर्निसेव्स्कीले इभान तुर्गेनेवको उपन्यासले सिर्जना गरेको आत्मसमर्पणवाद र निराशाका विरुद्ध क्रान्तिकारी उपन्यास लेखे । उनको उपन्यास 'के गर्ने' कि मूल पात्र वा नायिका भेरा पाव्लोनाले सामन्ती संस्कारबाट जकडिएको परिवारबाट विद्रोह गर्छिन्, आफूलाई मन नपरेको सामन्ती लफङ्गो फौजी केटोसँग आफ्ना तानाशाही चरित्रका आमा-बाबाले गरिदिन खोजेको बिहे अस्वीकार गर्छिन् र छोरी मान्छेले सास फेर्न मुश्किल जस्तै रहेको घर छोडेर हिंड्छिन् ।

उनले तत्कालीन समाजमा महिलाले चिकित्साशास्त्र पढेको नरुचाउने परम्पराका विरुद्ध विद्रोह गर्छिन् र डाक्टर बन्छिन्, समाजवादी विचारको प्रचार गर्छिन्, महिलाहरूलाई संगठित गरेर सहकारी कम्युन खोल्छिन्, सामन्ती पारिवारबाट विद्रोह गरेर घर छोडेका महिलाहरूलाई रोजगारको व्यवस्था गर्छिन् । भेराको महिला कम्युन विस्तारित हुँदै जान्छ । भेरा पाव्लोभ्नालाई आफूले शुरुमा रुचाएको युवक सेर्गेइ लुपकोफका कतिपय परम्परागत बानी-बेहोरा र निजी सुखलाई ध्यान दिने प्रवृत्ति मन पर्दैन । भेरालाई आफ्नो बानी मन पर्दैन भन्ने बुझेपछि सेर्गेइ लुपकोफले आत्महत्याको नाटक गर्छ र भेराबाट टाढिन्छ । त्यसपछि विचार पनि मिल्ने, बानी-बेहोरा पनि मिल्ने अलेक्ज्याण्डर क्रिसानोभसँग बिहे गर्छिन् ।

उता आत्महत्याको नाटक गरेर भागेको सेर्गेई लुपकोफ ठूलो उद्योगपति बनेर भेरा भएकै ठाउँमा फर्किन्छ, उसले नाम परिवर्तन गरेर चार्ल्स बिउमोन्ट राखेको हुन्छ । ऊ भेराकै विचारको अनुयायी बन्छ र भेराको कम्युनमा काम गर्ने एक जना महिलासँग बिहे गर्छ । सेर्गेई लुपकोफ वा नाम फेरेर बनेको चार्ल्स बिउमोन्टले भेराको विचार र व्यवहारलाई आत्मसात् गर्छ । यसरी उपन्यासले बाटो बिराएका युवाहरूलाई सच्चिएर समाज परिवर्तनमा लाग्ने प्रेरणा दिन्छ । निकोलाई चेर्निसेव्स्कीको उपन्यास 'के गर्ने' ले तत्कालीन रूसी समाजलाई दिएको सन्देश हो- 'युवाहरू हो, गलत कुराका विरुद्ध निरर्थक विद्रोह नगर । गलत दिशामा गइरहेको समाजलाई बदल्न सुसंगत समाजवादी विचार चाहिन्छ, निश्चित एजेण्डामा आधारित योजनाबद्ध काम चाहिन्छ, समाजलाई कता लैजान खोजेको हो भन्ने विषयमा स्पष्टता चाहिन्छ । समाज बदल्न हिंडेका पुरानो पुस्ताका नेताले गल्ती गरेका छन् भने निराश नहोऊ, तिनलाई छोड र आफूले सही बाटो समात । दिमागलाई खुला राख, आफूले शुरुमा प्रेम गरेको प्रेमी वा प्रेमिका गलत बाटो छोड्न तयार छैन भने तिमी त्यसलाई पनि तुरुन्तै त्यागिदेऊ र आफूसँग विचार मिल्ने नयाँ साथी खोज । समाज बदल्ने क्रममा कसैले आफूलाई गलत तरिकाले प्रयोग त गरेको छैन भनेर पटक-पटक आफैंलाई परीक्षण गर ।' वस्तुत: यस उपन्यासले आजका युवाहरूलाई पनि बाटो देखाउँछ । निकोलाई चेर्निसेव्स्कीको उपन्यासको प्रभाव यति धेरै थियो कि त्यो छापिएको चार दशकपछि भ्लादिमिर इल्यिच लेनिनले त्यही शीर्षकमा रूसी जनतालाई जुर्मुराएर उठ्न प्रेरित गर्ने रचना लेखे ।

### लेनिनको रचना- "के गर्ने ?"

रूसी सामाजिक जनवादी पार्टीभित्र तीव्र वैचारिक मतभेद भइरहेको र क्रान्तिकारी आन्दोलनमा लागेका मानिसहरू दिग्भ्रमित भएको बेला सन् १९०१ मा लेनिन चार दशकअघि लेखिएको निकोलाई चेर्निसेव्स्कीको कालजयी उपन्यासबाट प्रभावित हुन्छन् र त्यही शीर्षकमा एउटा लामो लेख लेख्छन्- 'के गर्ने ? हाम्रो आन्दोलनका जल्दाबल्दा समस्याहरू' । सन् १९०२ मा पर्चाको रूपमा त्यो लेख प्रकाशित हुन्छ । यस लेखले तत्कालीन रूसमा कसरी समाजवादी आन्दोलन व्यवस्थित गर्ने भन्ने बाटो देखाएको छ । समय फरक थियो तर निकोलाई चेर्निसेव्स्कीले उपन्यास मार्फत देखाउन खोजेको बाटो सान्दर्भिक थियो- 'क्रान्तिकारी युवाहरू हो- के गर्न र कहाँ जान खोजेको हो भन्ने बारेमा स्पष्ट होऊ । आफ्नो गन्तव्यबारे स्पष्ट भएनौ भने तिमी, तिम्रो समूह र तिम्रो जोशलाई प्रतिक्रियावादीहरूले दुरुपयोग गर्नेछन् ।'

पुरानो उपन्यासको नामलाई जस्ताको तस्तै नयाँ राजनीतिक लेखको शीर्षक (पछि पुस्तकाकारमा प्रकाशित भयो) बनाएको र तत्कालीन समाजलाई अत्यधिक प्रभावित पारेको दृष्टान्त अन्यत्र देखिएको छैन । लेनिनको त्यस लेखले रूसी समाजवादी क्रान्तिकारीहरूलाई आफ्ना एजेण्डाबारे स्पष्ट हुन र तात्कालिकताको प्रभावमा हैन, योजनाबद्ध काममा अगाडि बढ्न प्रेरित गरेको थियो । लेनिनको त्यही पुस्तकले तयार गरेको सामाजिक प्रभावको जगमा रूसमा सन् १९०५ को पूँजीवादी क्रान्ति र सन् १९१७ को समाजवादी क्रान्ति सम्पन्न भएको थियो ।

### अहिलेको नेपाली समाज र राजनीतिक दलहरू

देशमा व्याप्त कुशासन, बेरोजगारी, आम गरीबी, निरन्तर बढ्दो महँगी, व्यापक असुरक्षा, युवाहरूको विदेश पलायन, सरकारी साधन-स्रोतको दुरुपयोग, राजकीय निकायमा माथिदेखि तलसम्मै फैलिएको भ्रष्टाचारको जालो, सबैतिर बिचौलिया दलालहरूको कब्जा, अर्थतन्त्रको निजी क्षेत्रमा आम ऋणग्रस्तता, बचत तथा ऋण सहकारी क्षेत्र धराशायी भएको अवस्था, काम नगर्दा अख्तियारबाट सुरक्षित होइन्छ भन्ने कर्मचारीतन्त्रको अकर्मण्य मानसिकता जस्ता कारणले आम जनतामा व्यापक निराशा व्याप्त भएकै थियो । नेपाली कांग्रेस, एमाले र माओवादीका प्रमुख नेताले देशका जल्दाबल्दा समस्या उपर कुनै ध्यान नदिने, भ्रष्टाचारलाई संस्थागत गर्ने एवं पालैपालो सत्तामा पुग्ने र त्यसका लागि जस्तोसुकै गठबन्धन गर्ने र जतिखेर पनि गठबन्धन फेर्ने फोहोरी खेलमा लिप्त रहेका कारण आमजनतामा व्यापक निराशा व्याप्त थियो । त्यही निराशाको जगमा नवयुवाहरूका मन-मनमा उम्लिएको आक्रोशले २०८२ भदौ २३ को विद्रोह निम्त्याएको थियो ।

### भाबगति

आन्दोलनको मूल लक्ष्य के हो, त्यसबाट समाजलाई कता लैजाने हो, कस्ता एजेण्डामा कस्तो संगठनले आन्दोलन अगाडि सार्ने हो, मूल नेतृत्व को हो, आन्दोलनमा हुने गतिविधिको जिम्मा कसले लिने हो जस्ता विषयमा कुनै मेलोमेसो नभएका युवाहरूको आन्दोलन अपहरित हुनु स्वाभाविक थियो । वस्तुत: अकर्मण्य र भ्रष्ट सत्ताका विरुद्धको नेपाली जनतामा रहेको बारुद जस्तै पड्किन तयार आक्रोशको भावनालाई प्रयोग गरेर विध्वंस मच्चाउन अन्तै, अर्कैले योजना पहिले नै बनाएको थियो । जनआक्रोशरूपी बारुदमा आगो झोस्ने काम २३ गते भएको सरकारी दमनले गर्‍यो । नवयुवा (जेनजी) हरूले भ्रष्टाचारका विरुद्ध जनप्रदर्शन गर्ने मात्रै कुरा अगाडि सारेका थिए । आन्दोलनको नेतृत्व, संगठन र त्यसको स्पष्ट योजना नभएकै कारण मौका ढुक्न सडकमा पठाइएका रहस्यमय तत्वले आन्दोलन कब्जा गरे । इतिहासदेखि वर्तमानसम्म विभिन्न देशका त्यस्ता सयकडौं उदाहरण छन् जहाँ एउटा भावनाले शुरु गरिएको योजनाविहीन आन्दोलन प्रतिक्रियावादी तत्वले कब्जा गरेका छन् र समाजलाई झनै पछाडि धकेलेका छन् ।

सामाजिक चेतनाको प्रतिनिधित्व बुद्धिजीवीहरूले गर्दछन् जसलाई आधुनिक युगमा सार्वजनिक सञ्चारमाध्यमले प्रकाशित गर्दछन् । नेपाली समाजको अहिलेको आम चेतनाको अवस्था ज्यादै अराजक र दिक्कलाग्दो छ । नेपाली जनताको धेरै ठूलो त्याग र सात दशक लामो संघर्षपछि समाजवादोन्मुख राज्य बनाउने संकल्प बोकेको संविधान तयार भयो । त्यसका निर्माणकर्ता प्रमुख राजनीतिक दलहरूका नेतृत्वले संविधानको समाजवादउन्मुख भावना अनुसार काम गरेनन् । अब यसको दोष त संविधानलाई दिन मिल्दैन तर सामाजिक सञ्जालमा लेख्ने कतिपय बुद्धिजीवीहरू संविधानलाई दोष दिइरहेका छन् । पुराना दलहरूका नेतृत्वले समाजको अग्रगामी परिवर्तनका लागि आफैंले लेखेका घोषणापत्रका एजेण्डा बिर्सेर दलालतन्त्रको कब्जामा परे भने नेतृत्वको दोष हो तर अहिले कतिपय मानिसहरू 'एजेण्डा हुँदैमा पो के भयो र ?' भनिरहेका छन् । पुरानाले भएका एजेण्डा बिर्सिए, नयाँ भनिएकाहरू सुस्पष्ट दृष्टिकोण र त्यसअनुसारको मार्गचित्र (एजेण्डा) विना हिंडिरहेका छन् । पुराना दलको नेतृत्वप्रति यति धेरै वितृष्णा छ कि नयाँ भनिएका दलहरूलाई आँखा चिम्लिएर समर्थन गर्नेहरूको कमी छैन । हुँदाहुँदा बाहिर देखिएको सामाजिक चेतनाले 'पुराना ठग मूर्दावाद, नयाँ ठग जिन्दावाद !' भनिरहेको छ र यस्तो भनाइ-लेखाइ कतिपय स्थापित बुद्धिजीवीहरूबाटै बाहिर आएको छ । नवयुवा (जेनजी) आन्दोलनको कुनै सुस्पष्ट दिशाबोध थिएन, स्वाभाविक थियो- उनीहरू हराए । जेनजीको नाममा उदाएका केही नयाँ अनुहारहरू चार वर्षदेखि परीक्षण भइरहेका नयाँ भनिएका दलमा विलीन भए । जो नयाँ भनिएका दल छन्, ती पनि अकस्मात् आएका नयाँ छैनन्, तिनको गति-मति चार वर्षदेखि देखिएकै छ ।

बाहिर देखिएको सामाजिक चेतना कतिसम्म उल्टो दिशामा छ भने यसले तत्कालीन सरकारले गरेको भदौ २३ को नरसंहार देख्छ तर यसले २४ गते भएको देश खरानी बनाउने योजनाबद्ध षडयन्त्रका बारेमा सुन्न पनि चाहँदैन । पुराना दलहरूको नालायकीको जगमा भएको जेनजीको आन्दोलन, त्यसमा भएको सरकारी नर संहार र देशलाई दशकौं पछाडि पार्ने भूराजनीतिक षडयन्त्र सबै विषयमा मसिनो समीक्षा हुनुपर्दछ भन्ने जायज विषय पनि सतहमा देखिएका कतिपय चर्चित मानिसका दिमागमा घुस्न सक्दैन । पुराना दलहरू पुरानै तरिकाले पश्चगमनमा छन् । उनीहरू जनतालाई पटक-पटक पुरानै तरिकाले झुक्याउन सकिन्छ भन्ने भ्रममा छन् । नयाँ भनिएकाहरू जनताको आक्रोशलाई भजाए पुगिहाल्छ, नेपाली समाजका आधारभूत समस्या समाधान गर्ने कुनै योजना चाहिन्न, खालि पपुलिस्ट कुरा गरे पुग्छ भन्ने बुझाइमा छन् ।

अर्कोतिर पुराना दलहरूका दुईथरी स्वरुप छन्- नेपाली कांग्रेस र एमाले नेतृत्वको व्याख्या अनुसार उनीहरू अति राम्रा काम गरिरहेका थिए, देश धमाधम बन्दैथियो, जताततै सुशासन थियो, भ्रष्टाचारलाई शून्यमा झारिएको थियो । उनीहरूका अनुसार देशमा रोजगारी विस्तार हुँदैथियो, सबैतिर राम्रो थियो, युवा पलायन भए भन्ने झुटो हो, सरकारले यति राम्रो काम गरेको थियो कि विदेशिएकाहरू धमाधम फर्किएका थिए, सरकारले नरसंहार गरेकै होइन, सबै विदेशी षड्यन्त्रबाट भएको हो भन्ने व्याख्या गरिरहेका छन् । यिनीहरूलाई आफ्नो अपराध थाहा छ, तर यिनीहरू आफ्नै मनलाई ढाँटेर बोलिरहेका छन् । पुरानो मध्येको पूर्व माओवादी र अहिले बाहिरी आवरण फेरेर बनेको नेपाली कम्युनिस्ट पार्टीको नेतृत्वले जेनजी आन्दोलनको खुलेर समर्थन गरेको थियो । उसको व्याख्या अनुसार देउवा र के.पी. ओली नेतृत्वका विगतका सरकार मात्रै भ्रष्ट थिए, आफ्नो नेतृत्वको सरकार भने दूधले धोए जस्तै अति सफासुग्घर थियो ।

पूर्व माओवादी नेतृत्वलाई भ्रम थियो- के.पी. ओली नेतृत्वको सरकार ढलिहाल्यो भने आफ्नो नेतृत्वमा सरकार बन्ने छ । आफैंले समर्थन गरेको र आफ्ना कार्यकर्तालाई समेत खटाएको आन्दोलनका कारण आफ्नो पनि घर खरानी भएको विषयको समीक्षा बाहिरी रूप फेरेर नेकपा बनेको माओवादी नेतृत्वले गरेको छैन र संभवत: आगामी आमनिर्वाचनपछि मात्रै यस विषयमा उसले मुख खोल्नेछ । उपर्युक्त गञ्जागोलको अवस्थामा प्रश्न उठ्छ- के गर्ने ? कहाँबाट शुरु गर्ने ?

### नेपालमा अहिले के गर्ने ?

सबैभन्दा पहिले राष्ट्र निर्माणका बारेमा सुस्पष्ट विचार, सिद्धान्त र दृष्टिकोण सहित उपयुक्त योजना एवं सोही बमोजिमको संगठनात्मक सिद्धान्त र प्रणाली भएको राजनीतिक पार्टीको निर्माण आवश्यक छ । यी सबैको अभावमा खोलामा आएको बर्खे बाढी जस्तै एक्कासी उठेको आन्दोलनले ल्याउने विध्वंस र पश्चगमन नै हो । बर्खे भेल जस्तै विना योजनाका आन्दोलनबाट उत्पन्न परिस्थिति सम्हाल्न सकिएन भने परिवर्तनका नाममा हुने पश्चगमन पुरानो सत्ताभन्दा कैयौं गुणा बढी दमनकारी हुन्छ । यस्ता विषयको ताजा उदाहरण युक्रेन नै हो । परिवर्तनका नाममा राष्ट्रको अस्तित्व नै समाप्त भएका तमाम उदाहरण छन्- युगोस्लाभिया र चेकोस्लोभाकियाको नाम धेरैले बिर्सन थालिसके । यसैले परिवर्तनका नाममा के भइरहेको छ भनेर सबैभन्दा पहिले गम्भीर हुनै पर्दछ ।

आज देशका जल्दाबल्दा मुद्दाहरू हुन्- देशै खाली हुने गरी भइरहेको युवा पलायन कसरी रोक्ने । विदेशिएको जनशक्ति कसरी फर्काउने । सुशासन कसरी स्थापित गर्ने । न्याय प्रणालीलाई कसरी सुधार्ने । गरिबी र बेरोजगारी कसरी हटाउने । देशमा भएका साधन-स्रोतको समुचित प्रयोग कसरी गर्ने । कस्ता योजनामा बजेट केन्द्रित गर्ने जसबाट रोजगारीको व्यापक विस्तार गर्न सकियोस् । तत्कालका लागि कस्ता योजना खारेज नै गर्ने । सरकारी बजेटको दुरुपयोग कसरी रोक्ने । सरकारी लगानीका सार्वजनिक संस्थाहरूको प्रभावकारिता कसरी बढाउने । निजी क्षेत्रको धराशायी भएको मनोबल कसरी उठाउने । वैदेशिक लगानीलाई सुरक्षाको प्रत्याभूति सहित कसरी सहज रूपमा आकर्षित गर्ने तथा त्यसलाई देशको वास्तविक आवश्यकता अनुसार लगानीमा प्रेरित गर्ने । कस्ता उत्पादनमा जोड दिने जसबाट अन्तर्राष्ट्रिय व्यापारमा तुलनात्मक लाभको सिद्धान्त अनुसार हाम्रा उद्योगहरूले प्रतिस्पर्धा गर्न सकुन् ।

कर्मचारीतन्त्रलाई द्रुत गतिमा काम गर्ने कसरी बनाउने । सुरक्षा निकाय र खासगरी प्रहरी संगठनको मनोबल कसरी उठाउने । राष्ट्रिय उद्योग व्यवसायको संरक्षण कसरी गर्ने । कृषि क्षेत्रलाई कसरी संरक्षित गरी उठाउने । श्रमिकलाई राम्रोसँग बाँच्न पाउने ज्याला कसरी उपलब्ध गराउने । पैसाको अभावमा उपचार नपाएर आमनागरिक मर्ने अवस्थाको अन्त्य कसरी गर्ने । सार्वजनिक शिक्षाको क्षमता, गुणस्तर र परिणाम कसरी प्रभावकारी र रोजगारमूलक बनाउने । कस्तो आर्थिक नीति अपनाउने । स्वतन्त्र बजारको नाममा बजारलाई छाडा छोड्ने कि सरकारले खुला बजारलाई सही बाटोमा हिंडाउने । दलालतन्त्रको पञ्जाबाट देशको राजनीतिलाई कसरी मुक्त गर्ने । अन्तर्राष्ट्रिय मामिलामा नेपालको असंलग्न नीतिलाई कसरी प्रभावकारी बनाउने । वैदेशिक हस्तक्षेप कसरी रोक्ने । देशको मौलिक संस्कृतिमाथि भइरहेको अतिक्रमण कसरी रोक्ने । समग्रमा भन्दा देशको राजनीति कसरी सुधार्ने र विकासको सही बाटोमा देशलाई कसरी अगाडि बढाउने भन्ने मुद्दाहरू अहिले देशका जल्दाबल्दा समस्या हुन् ।

यी विषयमा पुराना दलसँग कुनै योजना र प्रतिबद्धता छैन । तिनले पटक-पटक बनाएका योजना र विनियोजन गरिएको बजेट हेरिएकै हो, भ्रष्टाचार र अनैतिक काम गर्नेलाई पुरस्कृत गरिएको देखिएकै हो । महाकाली सन्धि र एमसीसी जस्ता राष्ट्रघाती सम्झौतामा घुँडा टेकेको पनि देखिएकै हो, दलभित्रको विवाद मिलाउनतिर नलागेर संविधानमै नभएको अधिकार प्रयोग गरेर प्रधानमन्त्रीले आफ्नै दुईतिहाइको संसद् विघटन गरेको पनि भोगिएकै हो । पुराना दलले यी विषयहरूमा गम्भीर समीक्षा गर्ने, विगतका गल्तीमा खुलस्त आत्मालोचना गर्ने अवस्था देखिन्न । त्यहाँभित्रका क्रान्तिकारीहरूले बौद्धिक दासताको साङ्लो नचुँडालेसम्म पुराना दल सुदिनन् ।

उपर्युक्त विषयमा स्पष्टता नभएका नयाँ नामका दल 'जता भत्क्यो, त्यतै दैलो' वाला हुन् । पुराना दलको नेतृत्वले बाटो बिराए भनेर गाली गरेका भरमा बनेका नयाँ दल पुराना भन्दा पनि गैरजिम्मेवार देखिएका छन् । यस कुराको एउटै बलियो प्रमाण हो, जेनजी आन्दोलनको समर्थन गर्ने, त्यसमा घुसपैठ भयो पनि भन्ने तर देश जलाएर विध्वंस गर्नेहरूलाई कारबाही गर्न नदिने, जेल तोडेर निस्कने र त्यसलाई जायज ठहऱ्याउने कुतर्क गर्ने, कानून र व्यवस्थाको धज्जी उडाउने र सुशासनका कुरा गर्ने । यहाँसम्म कि देशका महत्वपूर्ण सम्पदा ध्वस्त पारिएका विषयमा दु:ख व्यक्त समेत नगर्ने ।

### कहााबाट शुरू गर्ने ?

देशका जल्दाबल्दा समस्या समाधानमा स्पष्ट विचार, सिद्धान्त, दृष्टिकोण र योजना भएकोह विगतको निर्मम समीक्षा गर्ने, राजनीतिमा विकृति भित्रिन नदिने, आन्तरिक लोकतन्त्रको पूर्ण प्रत्याभूति गर्ने संगठनात्मक ढाँचा भएको राजनीतिक पार्टी निर्माण गर्नु पहिलो पाइलो हो । यस्तो राजनीतिक दलले दुईवटा अभियान एकैसाथ सञ्चालन गर्नुपर्दछ- आफ्ना स्पष्ट एजेण्डा लिएर जनतामा जाने र त्यस अभियान मार्फत पुराना र नयाँ भनिएका दललाई राष्ट्र निर्माणका एजेण्डामा केन्द्रित हुन दबाब दिने । समयमै स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा समयमै आमनिर्वाचन गराउन दबाब दिने, चुनाव पछि बन्ने सरकारले लागू गर्नुपर्ने देश विकासका योजना घोषणापत्रमा स्पष्ट रूपमा अगाडि सार्ने र त्यस्ता योजना लागू गर्न देशका नयाँ-पुराना सबै दललाई जनदबाब मार्फत बाध्य पार्ने दल तत्कालका लागि आकारमा सानै भए पनि भविष्यको नेतृत्व त्यस्तै दलले गर्नेछ ।

अब आउने सरकारको नीति तथा कार्यक्रम र बजेटको एक नम्बर बुँदामा युवा पलायन रोक्ने स्पष्ट प्रतिबद्धता चाहिन्छ । 'संसारैभरि बसाइँसराइ छ, यो रोकेर रोकिन्न' भन्ने कुतर्क गर्ने दल र तिनका नेतालाई जनताले किनारा लगाइदिनुपर्दछ । युवा पलायन रोक्नका लागि बजेटको अधिकांश हिस्सा रोजगारी विस्तारमा केन्द्रित हुनुपर्दछ । यसका लागि पहिलो काम कृषि क्षेत्रको संरक्षण र उत्पादन बिक्रीको ग्यारेन्टी हुने व्यवस्था हुनुपर्दछ । कृषि यस्तो क्षेत्र हो जसले उत्पादन बिक्रीको ग्यारेण्टी हुने हो भने तत्काल रोजगारी दिन सक्छ ।

निरन्तर रोजगारी नदिने खर्चिला भौतिक संरचनाका योजनाबाट बजेट कटौती गरी अधिकतम बजेट कृषि, उद्योग, पर्यटन, सिंचाइ र विद्युत् तथा दक्ष जनशक्ति उत्पादनमा लगाउनुपर्दछ । बजेट विनियोजनका हिसाबले सबैभन्दा आकर्षक मानिनेमा प्राथमिकताक्रमको रूपमा कृषि, उद्योग, पर्यटन, ऊर्जा तथा जलस्रोत, शिक्षा र स्वास्थ्य मन्त्रालय हुनुपर्दछ । अब फेरि नयाँ तरिकाले विश्वमा संरक्षणवाद शुरु भयो । यसैले आफ्नो देशका उद्योग-व्यवसायलाई कडा वैदेशिक प्रतिस्पर्धाबाट जोगाएर संरक्षण गर्ने नीति लागू गर्न सकिन्छ । विश्व व्यापार संगठनको हालीमुहाली चल्दा पनि राष्ट्रिय उद्योग संरक्षण गर्ने उपाय छन् । आगामी केही वर्षका लागि भएका सडक र पुलको मर्मतसम्भार गर्ने, अधुरा योजना पूरा गर्ने तर नयाँ योजना थप नगर्ने गरी बजेट व्यवस्थापन गर्न सकिन्छ । सरकारी लगानीका संस्थालाई बलियो बनाउने र निजीलाई निर्बाध रूपमा काम गर्न दिने उद्योग-व्यवसायमैत्री कानून, सहकारी क्षेत्रलाई उकास्ने योजना, लगानीकर्ताको स्वघोषणाका आधारमा उत्पादनमूलक क्षेत्रमा सहजतापूर्वक वैदेशिक लगानी आकर्षित गर्ने व्यवस्था, लचिलो र व्यवसायमैत्री कर तथा मौद्रिक नीति लागू गरिनुपर्दछ ।

सामाजिक सञ्जालका उपकरणलाई कानूनको दायरामा ल्याउने तर निर्बाध चल्ने व्यवस्थाका साथै नियमन गर्ने प्रणाली हुनुपर्दछ । सामाजिक सञ्जालमा विज्ञापन गर्न दिने छूट हुनुहुँदैन, यसबाट धेरै ठूलो मात्रामा कर चुहावट भइरहेको छ । कर तिर्न नसकेर बन्द हुन बाध्य बनाइएका उद्योग व्यवसायलाई किस्ताबन्दीमा कर तिर्ने सुविधा दिएर कारोबार सञ्चालन गर्न दिनुपर्दछ । विद्युत् निर्यात हैन, पहिले देशभित्रका उद्योगलाई हुनसक्नेसम्म सस्तोमा बिजुली दिएर उत्पादन बढाउन सहयोग गर्नुपर्दछ । यसो गरिएमा सस्तोमा बिजुली पाउने कारणले विदेशी औद्योगिक लगानी भित्र्याउने वातावरण बन्नेछ ।

*(साभार: अनलाइनखबर)*

# किसान कल्याण सहकारीको साधारणसभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ हेटौंडा-८ मा रहेको किसानकल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको शनिबार २६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले गत भदौ १७ गते बचत तथा ऋण सहकारीको साधारण सभालाई मितव्ययी र सदस्य केन्द्रित गर्न जारी गरेको ८ बुँदे निर्देशन बमोजिम संस्थाका शेयर सदस्यको मात्र उपस्थितिमा साधारणसभा सम्पन्न गरेको व्यवस्थापक केशव कुमार शाहीले जानकारी दिए । प्राधिकरणले सम्बिन्धत सहकारीको सदस्य नभएको तथा नियमन निकायका कर्मचारी वा पदाधिकारीलाई साधारणसभामा सहभागी नगराउने, उद्घाटनसत्र, आसनग्रहण, मन्तव्य लगायतका औपचारिक समय व्यतीत गर्ने क्रियाकलाप नगरी सीधै साधारणसभाको एजेण्डामा प्रवेश गर्ने, अतिथि सत्कार, यातायात खर्चलगायतका फजुल खर्च नगर्न सबै बचत तथा ऋण सहकारी संस्थालाई निर्देशन दिएको छ ।

साधारणसभाले सञ्चालक समितिबाट प्रस्तुत वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन एवम् लेखा सुपरीवेक्षण समितिका प्रतिवेदन गहन छलफलसहित विभिन्न १० वटा प्रस्तावहरु पारित गरेको छ । संस्था अध्यक्ष मोतीलाल लामाले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष उमानाथ आचार्यले आर्थिक प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिका संयोजक यशोदाकुमारी उप्रेतीले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए । १ हजार १ सय २० जना शेयर सदस्य आबद्ध रहेको सहकारीको शेयर पुँजी १ करोड ६ लाख ७८ हजार रुपैयाँ, निक्षेप (बचत) ३ करोड ७८ लाख ८९ हजार रुपैयाँ, ऋण (कर्जा लगानी) ५ करोड ६२ लाख १५ हजार रुपैयाँ रहेको छ ।

कार्यक्रममा मासिक कारेबार गर्नेमा चंचलादेवी सापकोटा, मैया रिजाल र उमा चापागाई, धितोतर्फ सजिना डिम्डुङ, विनाधितो तर्फ राजेन्द् तिमल्सिना र हर्कबहादुर थिङ, बालबचततर्फ आयूष्मान थापा र रिदम स्याङतानलाई प्रमाणपत्र, पुरस्कार प्रदान गरेको छ । एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने शेयरसदस्यका छात्र/छात्रा गरी ३ जनालाई पुरस्कार प्रदान गरिएको थियो ।

संस्था अध्यक्ष लामाको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका संस्थापक अध्यक्ष ध्रुवराज पुडासैनीको प्रमुख आतिथ्य थियो । सहकारीका सञ्चालक समितका पदाधिकारी, लेखा समिति, शेयर सदस्य, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

# ड्युटीका ट्राफिकलाई घाइते बनाई फरार चालक र कार नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ हेटौंडा-११ थानाभञ्ज्याङ्मा ड्युटीमा खटिएका ट्राफिक प्रहरीलाई घाइते बनाइ फरार भएका कार चालक र सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

चितवनको भरतपुरबाट बा६च ८४०९ नम्बरको कारसहित चालकलाई नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएका चालक हेटौंडा उपमहानगरपालिका-५, गर्दौई बस्ने ४६ वर्षीय बासुदेव आचार्य रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता पुष्कर बोगटीले जानकारी दिए । पुस १७ गते बिहिबार जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरबाट ड्युटीमा खटिएको प्रहरीटोलीले नवलपुरतर्फबाट हेटौंडा बजारतर्फ आउँदै गरेको नम्बर नखुलेको कारलाई रोकी चेकजाँच गर्न खोज्दा कार चालकले सिसा बन्द गरी सवारी साधनसहित भाग्ने प्रयास गरेका थिए ।

यसक्रममा कार चालकले प्रहरीलाई करिब १० मिटर घिसार्दै घाइते बनाई फरार भएको प्रवक्ता बोगटीले जानकारी दिए । कार भित्रबाट ब्रेथलाइजर मेसिन समेत बरामद गरिएको छ । हाल नियन्त्रणमा लिइएका चालक र सवारी साधनलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# हेटौंडा अटोमोवाइल्स एशोसिएसनको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/हेटौंडा अटोमोवाइल्स एशोसिएसनको २५ औं वार्षिक साधारणसभा एवम् १२ औं अधिवेशन शनिबार सम्पन्न भएको छ ।

एशोसिएसनका अध्यक्ष ऋषिकुमार ढकालको सभाध्यक्षता एवम् नाडा अटोमोवाइल एशोसिएसन अफ नेपालका अध्यक्ष करणकुमार चौधरीको प्रमुख आतिथ्यतामा साधारण सभा भएको हो । प्रमुखअतिथि चौधरीले हेटौंडा अटोमोवाइल्स र नाडाको बीचमा सुमधुर सम्बन्ध कायम गर्नुपर्नेमा जोड दिए ।

चौधरीले नेतत्वको मागनिर्देशनमा सबै अगाडि बढ्नुपर्ने बताए । साधारणसभाको अवसरमा एशोसिएसनले संस्थालाई फर्निचर लगायत आवश्यक साम्रगी उपलब्ध गराएको भन्दै मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु अधिकारी र निवर्तमान उपाध्यक्ष अनिल अग्रवाललाई सम्मान गरेको थियो ।

पूर्वअध्यक्षहरु कृष्णलाल श्रेष्ठ र भोलाप्रसाद ढकाल, ट्राफिक व्यवस्थापनमा उत्कृष्ट सेवा पुऱ्याएका ट्राफिक प्रहरीलाई सम्मान गरिएको थियो । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दीपक उप्रेती, चितवन अटो मोवाइल्स एशोसिएसनका अध्यक्ष मोहन केसी, पश्चिमाञ्चल डिलर्स एशोसिएसनका अध्यक्ष दीपेन्द्र कोइराला, मकवानपुर इन्जिनियरिङ एशोसिएसनका अध्यक्ष आनन्दराम पौडेल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

# शिक्षक संघ हेटौंडाको सातौं स्थानीय प्रतिनिधिसभा



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/नेपाल शिक्षक संघ हेटौंडा नगर कार्यसमितिको सातौं स्थानीय प्रतिनिधिसभाको बैठक सम्पन्न भएको छ ।

शनिबार हेटौंडामा भएको भेलाले सातौं प्रतिनिधिसभाको बैठक सम्पन्न गरेको हो । संघका हेटौंडा नगर कार्यसमितिका अध्यक्ष मन्दिरा घिमिरेको सभाध्यक्षता तथा संघका बागमती प्रदेश अध्यक्ष दीपक सिंखडाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । नेपाल शिक्षक संघ बागमती प्रदेशको सदस्य ज्ञानेन्द्र बर्तौला, स्वोता काइराला, नेपाल शिक्षक संघ मकवानपुर अध्यक्ष गणेशप्रसाद हुमागाई, निवर्तमान अध्यक्ष राम कुमार अधिकारी, ट्रेड युनियन कांग्रेस मकवानपुरका उपाध्य राजु घले, सचिव माधव गौतम, संघका विभिन्न गाउँपालिका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति थियो ।

कार्यक्रममा नगरअध्यक्ष घिमिरेले संस्थागत प्रतिवेदन, नगर सचिव ज्योति न्यौपानेले प्रगति प्रतिवेदन र सचिव अर्थ प्रेम घिमिरेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सेवानिवृत्त २ जना शिक्षकलाई कार्यक्रममा सम्मान गरिएको थियो । संघमा आवद्ध भइ सेवानिवृत्त भएका शिक्षक सुभद्रा पाण्डे र विष्णुप्रसाद विडारीलाई दोसल्ला र कदरपत्रले सम्मान गरिएको हो । २ जना शिक्षक नेपाल शिक्षक संघमा प्रवेश गरेका छन् ।

हेटौंडा-६ गौरीटारस्थित बालजागृति युवावर्ष माविका प्रअ नन्दलाल लामा, हेटौंडा-७ स्थित नवज्योति माविका प्रअ उपेन्द्र पौडेल र हेटौंडा-११ का शिक्षक राजकुमार बर्तौलालाई कदरपत्रले सम्मान गरिएको थियो । कार्यक्रममा शिक्षक संघ मकवानपुर अध्यक्ष हुमागाई, उपाध्यक्ष केशवप्रसाद देवकोटा, निर्मला तिमल्सिना, शिक्षक कल्याण तथा वचत ऋण सहकारी संस्थाका अध्यक्ष सुवाशचन्द्र कँडेल, शिक्षक संघ संघीय प्रतिनिधि अधिकारी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# गणित शिक्षा परिषद्मा सुवेदी र बजगाईं




साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/गणित शिक्षा परिषद् मकवानपुरको अध्यक्षमा बिनोद सुवेदी चयन भएका छन् । शनिबार भएको परिषदको पाचौं जिल्ला अधिवेशनबाट सुवेदीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्माण भएको हो । परिषद्को उपाध्यक्षमा दीपक अधिकारी, सचिवमा इन्द्रबहादुर कार्की, सहसचिवमा भूपेन्द्र चौलागाईं, कोषाध्यक्षमा होमनाथ ढकाल र सहकोषाध्यक्षमा ब्रजकिशोर गुप्ता चयन भएका छन् ।

यसैगरी सदस्यमा सबिना वाइबा, सविता अधिकारी, गोपाल घिमिरे, उपेन्द्र पौडेल, बिमल दाहाल, सुदर्शन अधिकारी र शंकर भण्डारी चयन भएका छन् । शनिबार भएको गणित शिक्षा परिषद हेटौंडा उपमहानगरको अध्यक्षमा श्याम बजगाईं चयन भएका छन् । नगरको उपाध्यक्षमा शान्तिमाया बस्नेत, सचिवमा नवराज दुलाल, सहसचिवमा लक्ष्मीकुमारी पुडासैनी, कोषाध्यक्षमा हर्कबहादुर कार्की र सहकोषाध्यक्षमा अजन्ता पराजुली चयन भएका छन् ।

सदस्यमा रमिका शाक्य, निश्चल चौलागाई, प्रेम घिमिरे, देवेन्द्र चापागाई, निर्मल पराजुली र सर्मिला लम्साल चयन भएका छन् । गणित शिक्षा परिषद् बागमती गाउँपालिका अध्यक्षमा दिनेश माझी, बकैया गाउँपालिका अध्यक्षमा छवि राई र कैलाश गाउँपालिका अध्यक्षमा अर्जुन लामिछाने चयन भएको आयोजकले जनाएको छ । गणित शिक्षा परिषद् मकवानपुरका अध्यक्ष धनिकलाल शाहको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका संयोजक ललित घलानको प्रमुख आतिथ्य रहेको थियो ।

वि.सं. २०८१ सालको एसइइ परीक्षामा गणित विषयमा सतप्रतिशत वा ए प्लस वा ए जिपिए ल्याउन सहयोग गर्नुहुने गणित शिक्षकलाई सम्मान गरिएको थियो ।

# लैङ्गिक समानता तथा समावेशीकरण रणनीतिसम्बन्धी कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ गाउँपालिका क्षेत्रमा सञ्चालन हुने विकास निर्माणलगायत सेवाप्रवाहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले मकवानपुरको मनहरी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन सम्बन्धी कार्यक्रम गरेको छ ।

गाउँपालिकाको सभाहल लामिटारमा २ दिनसम्म सरोकार वालालाई प्रशिक्षणको आयोजना गरिएको हो । गाउँपालिकाको सामाजिक विकासशाखाको आयोजनामा पुस १७ र १८ गते भएको कार्यक्रममा गाउँपालिका वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडासदस्यहरु साथै महिला समन्वय समिति, जेष्ठनागरिक समन्वय समिति, दलित समन्वय समिति, जनजाति समन्वय समिति, अपाङ्ग समन्वय समिति तथा मानव अधिकार समूह र बालसंजालका पदाधिकारीको उपस्थिति रहेको थियो । हेटौंडा उपमहानगर पालिका महिला बालबालिका तथा समावेशीकरण महाशाखाकी विष्णुकुमारी लामिछानेले प्रशिक्षण प्रदान गरेकी थिइन् ।

गाउँपालिका सामाजिक विकास समितिका संयोजक तथा वडा नं ३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्यालको सभाध्यक्षमा भएको कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो । मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, प्रमुख प्रशासकीयअधिकृत रमेश सुवेदी, वडाअध्यक्षहरु कार्यपालिका सदस्यलगायतको आतिथ्यता रहेको थियो । सामाजिक विकास शाखाप्रमुख ज्ञानेन्द्र ढकालले कार्यक्रममा सहजीकरण गरेका थिए ।

# दिव्यताराको रामधुनी केन्द्रको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि. को २७ औं तथा इकाई शाखा रामधुनी कार्यालयको ७ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

गोकर्ण सुवेदीको सभाध्यक्षता एवम् संस्थाका अध्यक्ष डा.गणेश बललामाको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो । कार्यक्रममा संस्थाका सल्लाहकार आनन्दराम पराजुली, सचिव ईश्वर पण्डित, कोषाध्यक्ष ज्ञानेन्द्र बर्तौला, इकाई शाखाका पदाधिकारी पुरुषोत्तम अधिकारी, कमलादेवी खड्का, मैयाकुमारी श्रेष्ठ, लक्ष्मीमाया दोङ, कमल बराल, विनोद घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

# उखु खेतीमा किसान मोह घट्दै, आधा क्षमतामा खुम्चिए चिनी उद्योग

काठमाडौं/किसानले खेतबाट उखु काट्दै उद्योगसम्म पुऱ्याउन थालेसँगै चिनी मिलहरूले धमाधम 'क्रसिङ' थालेका छन् । तर, मिल ताते पनि सञ्चालकहरूमा कच्चापदार्थ अभाव हुने चिन्ता भने सेलाएको छैन । यस वर्ष उखु उत्पादनमा भारी गिरावट आउने प्रक्षेपणले उद्योगहरूलाई आवश्यक 'घान' नै नपुग्ने देखिएको छ । गत वर्ष २ करोड १६ लाख क्विन्टल उखु उत्पादन भएको थियो । तर, यसपालि १० देखि २० प्रतिशतले उत्पादन घट्ने चिनी उद्योगी बताउँछन् ।

कच्चापदार्थको यही चरम अभावले मिलहरू ढिलो सञ्चालन हुने र छिट्टै बन्द हुने प्रवृत्ति बढेको छ । कुनै समय एक सिजनमा ५ महिनासम्म निरन्तर चल्ने इतिहास बोकेका चिनी उद्योग पछिल्ला वर्षहरूमा उखु अभावकै कारण खुम्चिएर दुई-तीन महिनामै सिजन अन्त्य गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ ।

**एभरेस्ट सुगर मिलको अवस्था**

प्रमुख चिनी उत्पादकमध्ये एक एभरेस्ट सुगर मिलले चालु सिजनको उखु क्रसिङ (पेल्ने) कार्यलाई तीव्रता दिएको छ । महोत्तरी राम नगरमा अवस्थित मिलले ७ पुसदेखि क्रसिङ सुरु गरेको हो । मिल सञ्चालनमा आएको अवधिदेखि अहिलेसम्म ३ लाख २४ हजार ८ सय क्विन्टल उखु क्रसिङ गरिसकेको मिल व्यवस्थापनले जनाएको छ ।

मिलका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरका अनुसार हाल मिलमा दैनिक औसत ३९ हजार क्विन्टल हाराहारी उखु पेल्ने काम भइरहेको छ । उखुको उपलब्धता र कहिलेकाहीं हुने प्राविधिक अवरोध (जस्तै मेसिन बन्द हुने) ले गर्दा औसत क्रसिङ ३२ देखि ३४ हजार क्विन्टल पुग्ने गरेको छ । ७ देखि १६ पुस (९ दिन) सम्मको तथ्यांक हेर्दा मिलको दैनिक औसत क्रसिङ ३२ देखि ३४ हजार क्विन्टल देखिएको छ । उखु अभाव र कहिलेकाहीं चार-पाँच घण्टा मेसिन बन्द हुँदा समग्र औसतमा असर पर्ने गरेको उनले बताए ।

**'कमान्ड एरिया' ले घटायो उखु आपूर्ति**

चिनी मिलहरूको कार्यक्षेत्र (कमान्ड एरिया) निर्धारण भएसँगै एभरेस्ट सुगर मिलले पाउने उखुको परिमाणमा यस वर्ष उल्लेख्य गिरावट आएको छ । विगतका वर्षहरूमा सर्लाहीका विभिन्न क्षेत्रबाट उखु ल्याउने गरेको एभरेस्टले यस वर्ष तीन वटा मिल (एभरेस्ट, इन्दुशंकर र महालक्ष्मी) बीच भएको सहमति र सरकारी निर्देशन अनुसार क्षेत्र बाँडफाँट गरेको छ । नयाँ व्यवस्था अनुसार सर्लाही बेलबास खोलादेखि पूर्वको उखुमात्र एभरेस्ट सुगर मिलले ल्याउन पाउने छ ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# भीमफेदीका स्वास्थ्यस्वयंसेविका सामाजिक सुरक्षा कोषमा आबद्ध



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मकवानपुरको भीमफेदी गाउँपालिकाले यस आर्थिक वर्षमा पनि अनौपचारिक क्षेत्रका थप श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने उद्देश्यसहित सूचना आह्वान गरेको छ ।

गाउँपालिका अध्यक्ष हिदम लामाका अनुसार कोही पनि श्रमिक सामाजिक सुरक्षा कार्यक्रमबाट बाहिर नपरोस् भन्ने लक्ष्यका साथ यो कार्यक्रमलाई निरन्तरता दिइएको हो ।

सूचनाअनुसार चालक, सहचालक, सिकर्मी, डकर्मी, ढुंगा फुटाएर गिट्टी बनाउने श्रमिक, हलो जोत्ने किसानलगायत अनौपचारिक क्षेत्रका श्रमिकले सामाजिक सुरक्षा कोषमा आबद्ध भई विभिन्न सुविधा तथा पेन्सनको लाभ लिन सक्नेछन् । यसै आर्थिक वर्षमा भीमफेदी गाउँपालिकाले पालिकाभरिका ४८ जना महिला स्वास्थ्यस्वयंसेविका (आमादिदीबहिनी) लाई पनि पालिकाको सहयोगदानमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने तयारी गरेको छ । यसका लागि स्वास्थ्य शाखासँग समन्वय गर्न गाउँपालिकाले अनुरोध गरेको छ ।

पालिकाका अनुसार यो कार्यक्रम सम्पन्न भएपछि भीमफेदी गाउँपालिकाभित्र अनौपचारिक क्षेत्रका सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिकको संख्या करिब ३०० पुग्ने अपेक्षा गरिएको छ । भीमफेदी गाउँपालिका र सामाजिक सुरक्षा कोषबीच २०८० साउन ३० गते सम्झौता भएको थियो । सामाजिक सुरक्षा कोषले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम २०७७ मंसिर ११ गतेदेखि सञ्चालन गर्दै आएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नित्यगोविन्द स्मृति-मातृभूमि संगीत पुरस्कार कुन्ती मोक्तानलाई

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मातृभूमि साहित्य समाज मकवानपुरले प्रसिद्ध गायिका कुन्ती मोक्तानलगायत वरिष्ठ साहित्यकारहरुलाई पुरस्कृत एवम् सम्मान गरेको छ ।

समाजले शनिबार हेटौंडामा एक कार्यक्रमको आयोजना गर्दै विभिन्न व्यक्तित्वलाई पुरस्कृत एवम् सम्मान गरेको हो । कार्यक्रममा प्रसिद्ध गायिका कुन्ती मोक्तान नित्य गोविन्द स्मृति-मातृभूमि संगीत पुरस्कार २०८१ बाट २५ हजार नगद राशिसहित सम्मानित भएकी छिन् । यस्तै चर्चित नियात्राकार तथा कवि भवानी खतिवडा मायादेवी मातृभूमि पुरस्कार २०८१ बाट २१ हजार नगद राशिसहित पुरस्कृत भइन् । २०८१ को मातृभूमि साहित्य पुरस्कारबाट २५ हजार रकमसहित वरिष्ठ साहित्यकार प्राध्यापक डा. लक्ष्मणप्रसाद गौतम पुरस्कृत भए ।




कार्यक्रममा श्याम श्रेष्ठ स्मृति मातृभूमि पुरस्कारबाट रोशन परियार १५ हजार रकमसहित सम्मानित भए । यस्तै १० हजार रकम सहितको शारदा उप्रेती स्मृति मातृभूमि सम्मानबाट कलासाधक जीवन केसी सम्मानित भएका छन् । यस्तै सामाजिक अभियन्ता विश्वकान्ति कलावती सुमार्गी पराजुलीलाई मकवानपुरश्री सम्मानबाट सम्मानित गरिएको थियो । कार्यक्रममा बागमती प्रदेशकी मुख्य न्याधिबक्ता अप्सरा बस्नेत, डा. श्याम सुवेदी, लायन्स क्लबकी एस ३२५ कि सेकेन्ड भाइस डिसट्रिक्ट गर्भनर अंकिता सुमार्गी (संझना अर्याल) लाई बिशेष सम्मानित गरिएको छ ।

साहित्यिक कार्यक्रम अन्तर्गत मकवानपुरसहित विभिन्न जिल्लाबाट सहभागी साहित्यकारले एक दर्जनभन्दा बढी रचनावाचन गरेका थिए । अनुसूया खनाल, प्रबिना प्रयासी, अमृता लामिछाने, स्वस्तिका दाहाल, आकांक्षा रिैला, अनु रोक्का, भवानी तिमल्सिना, सरस्वती पौडेल र गौरी कँडेलले र चनावाचन गरेका थिए । यसैअवसरमा गायिका मोक्तानले आफ्नो चर्चित तथा कालजयी गीतहरु प्रस्तुत गर्दै कार्यक्रमलाई सांगीतिक रङ्ग दिइन् । कार्यक्रममा महिला साहित्यकारको साहित्यिक यात्राबारे परिसंवाद आयोजना गरिएको थियो ।

परिसंवादमा नियात्राकार भवानी खतिवडा, साहित्यकार मुना अर्याल, आँचल साहित्य कलापुञ्जकी अध्यक्ष भावना सापकोटा तथा झरना साहित्यिक परिवारकी अध्यक्ष गायत्री रुपाखेती सहभागी थिए । वक्ताहरुले महिलामा साहित्यप्रति रुचि हुँदाहुँदै पनि घरायसी जिम्मेवारीका कारण समय व्यवस्थापन चुनौतीपूर्ण हुने अनुभव साझा गरे । यद्यपि पछिल्लो समय महिलाले घरायसी र पेशागत भूमिकासँगै साहित्य सिर्जनामा पनि उल्लेखनीय सफलता हासिल गरिरहेको बताइएको थियो ।

समाजका अध्यक्ष कृष्ण प्रसाद दाहालको सभाध्यक्षता तथा प्राध्यापक डा. लक्ष्मणप्रसाद गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सिटिइभिटी निर्देशक डा.शान्ति लामा, साहित्यप्रेमी मुक्तिगोविन्द बैद्य, वरिष्ठ संगीतकार शिलाबहादुर मोक्तानलगायत मकवानपुर, चितवन र आसपासका जिल्लाबाट आएका साहित्यकारको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# यातायात उपभोक्ता सहकारीको साधारणसभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ यातायात व्यवासायी उपभोक्ता सहकारी संस्थाको सत्रौं वार्षिक साधारण सभाशनिबार हेटौंडामा सम्पन्न भएको छ । नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष तथा सहकारीका सल्लाहकार हीरालाल श्रेष्ठले साधारणसभाको उद्घाटन गर्दै आर्थिक गतिबिधिमा सबै पक्षले चासो दिन आग्रह गरे ।

यातायात व्यवसायीले आफ्नो सवारी साधनमा गुणस्तरीय पेट्रोलियम, लुब्रिकेन्टस् र स्पेयर पार्टस् प्रयोग गर्ने वातावरण सहकारीले उपलब्ध गराएकोमा श्रेष्ठले यातायात ब्यवसायीलाई सहकारीमार्फत कारोबार गरी सहकारी संचालनमा प्रभावकारी कदम चाल्न आग्रह गरे । सहकारीका अध्यक्ष किरण पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा नारायणी यातायात व्यवसायी संघका महासचिव तथा सहकारीका सल्लाहकार सरोजकुमार खनालले बिगतका दिनमा सहकारीले सेयर सदस्यहरुलाई बोनस दिने गरेको तर, पछिल्ला वर्षमा सहकारी संचालनमा सदस्यकै कारणले समस्या आएको बताए ।

कार्यक्रममा नारायणी यातायात ब्यवसायी संघका पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाई, जिल्ला सहकारी संघ प्रतिनिधि अर्जुनप्रसाद वाग्ले, सहकारीका सदस्य बिष्णुहरि बिडारी लगायतले बोलेका थिए । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले १७ भदौ २०८२ मा सहकारीको साधारण सभालाई मितव्ययी र सदस्य केन्द्रित गर्न जारी गरेको ८ बुँदे निर्देशन बमोजिम संस्थाका शेयर सदस्यको उपस्थितिमा साधारणसभा सम्पन्न गरेको अध्यक्ष पौडेलले जानकारी दिए ।

प्राधिकरणले सम्बिन्धत सहकारीको सदस्य नभएको तथा नियमन निकायका कर्मचारी वा पदाधिकारीलाई साधारणसभामा सहभागी नगराउने, उद्घाटनसत्र, आसनग्रहण, मन्तव्यलगायतका औपचारिक समय व्यतीत गर्ने क्रियाकलाप नगरी सीधै साधारण सभाको एजेण्डामा प्रवेश गर्ने, अतिथि सत्कार, यातायात खर्चलगायतका फजुल खर्च नगर्न सबै बचत तथा ऋण सहकारी संस्थालाई निर्देशन दिएको थियो । प्राय सबै सहकारी संस्थाले यो निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै आफ्नो साधारणसभा गरिरहेका छन् ।

१ सय ५९ जना यातायात ब्यवसायी शेयरसदस्य आबद्ध रहेको सहकारीको शेयरपुँजी ४८ करोड ७० लाख रुपैयाँ रहेको छ । सहकारीले हेटौंडा-१० मा बिभिन्न कम्पनीले उत्पादन गरेको मोटरपार्टस्, लुब्रिकेन्ट्स, टायर सेयर सदस्य उपभोक्तालाई बिक्री गर्दै आएको छ भने हेटौंडा-११ मा पेट्रोल पम्प संचालन गरिरहेको छ ।

# बकैयामा ५ किलोमिटर खुलादौड प्रतियोगिता सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा ५ किलोमिटर खुलादौड प्रतियोगिता सम्पन्न भएको छ । हात्तीखोला युवा क्लबको आयोजनामा तथा बकैया गाउँपालिका-७ नम्बर वडा कार्यालयको सहकार्य, बकैया गाउँपालिकाको समन्वय र बकैया एथलेटिक्स संघको प्राविधिक सहयोगमा प्रतियोगिता आयोजना गरिएको हो ।

कार्यक्रमका प्रमुखअतिथि बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु', विशिष्टअतिथि बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान (मधु) तथा वडा नम्बर ७ का अध्यक्ष मानबहादुर सिङ्तान (रमेश) उपस्थित रहेका थिए । बकैया खेलकुद विकास समितिका अध्यक्ष तथा संयोजक विजय लामा थिङलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि पुलामीले यस्ता खेलकुद कार्यक्रमले वडा, पालिका हुँदै राष्ट्रकै पहिचान स्थापित गर्न मद्दत गर्ने र नयाँ खेलाडी उत्पादनमा महत्वपूर्ण टेवा पुग्ने बताए । आगामी दिनमा पनि यस्ता प्रतियोगिता निरन्तर आयोजना गर्नुपर्नेमा उनले जोड दिए ।

प्रतियोगितामा करिब ५० जना खेलाडीको सहभागिता रहेको थियो । कार्यक्रममा दुईवटा दौड प्रतियोगिता एकैसाथ सम्पन्न भएका थिए । भेट्रान्सतर्फ ३ किलोमिटर दौडमा १० जना खेलाडी सहभागी थिए । यो दौडमा भक्तबहादुर भ्लोन प्रथम, छोटेलाल जिम्बा दोस्रो र बिमल नेपाल तेस्रो हुन सफल भए । विजेतालाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । खुला ५ किलोमिटर दौड प्रतियोगितामा दीपक रावलले १५ मिनेट २७ सेकेन्डमा दूरी पारगर्दै प्रथम स्थान हासिल गरे ।

उनले नगद १५ हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे भने दोस्रो स्थान नागेश्वर अहिरले १५ मिनेट ३१ सेकेन्डमा हासिल गर्दै नगद १० हजार प्राप्त गरे भने तेस्रो स्थान भुपेन्द्र सुनारले १६ मिनेट ०३ सेकेन्डमा दूरी पार गर्दै नगद ५ हजार प्राप्त गरे । चौथो स्थान युनिक श्रेष्ठले १६ मिनेट ११ सेकेन्डमा दुरी पार गर्दै नगद ३ हजार प्राप्त गरे । पाँचौं रुपक माझीले नगद २ हजार, छैटौं अशोककुमार साह र सातौं राजकुमार गोलेले जनही नगद १ हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको हात्तीखोला युवा क्लबका अध्यक्ष जिकेश सापकोटाले जानकारी दिए ।

# बंशगोपाल योग साधना केन्द्र, चौघडामा तिमल्सिना

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ हेटौंडा-६ स्थित बंशगोपाल योग साधनाकेन्द्र, चौघडामा पतञ्जली योग समिति गठन भएको छ । शनिबार गठित पतञ्जली योग समितिको अध्यक्षमा सुभद्रा तिमल्सिना चयन भएकी छिन् ।

तिमल्सिनाको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएको हो । समितिको उपाध्यक्षमा विष्णु श्रेष्ठ, सचिवमा मञ्जुला चौलागाईं र कोषाध्यक्षमा ज्योति दुलाल चयन भए । यस्तै सदस्यमा कैलाश न्यौपाने, पवित्रा थापा, इन्दिरा ओझा, अस्मिता खड्का, सुमित्रा न्यौपाने, शोभा नोगी र कृष्णप्रसाद दुलाल चयन भएका छन् । कार्यक्रममा उपस्थित अतिथिले योग, ध्यान तथा स्वस्थ जीवनशैलीका लागि पतञ्जली योगको भूमिका महत्वपूर्ण रहेको बताउँदै नवगठित समितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

पतञ्जली योग समिति मकवानपुरका जिल्ला अध्यक्ष रामकृष्ण थापाको सभाध्यक्षता तथा हेटौंडा-६ का वडा अध्यक्ष विष्णु बहादुर दाहालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा वडासदस्य विजय पौडेल, संस्थाका उपाध्यक्ष राजन थापा लगायतको उपस्थिति रहेको थियो ।

# सरस्वती प्राविका विद्यार्थीलाई न्यानो कपडा वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ हेटौंडा-१, घ्याङसिनटारस्थित सरस्वती प्राथमिक विद्यालयमा अध्ययनरत ५५ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ ।

लायन्स क्लब हेटौंडा स्मारक्ले विद्यालयमै पुगेर विद्यार्थीलाई ज्याकेट हस्तान्तरण गरेको हो । क्लबका अध्यक्ष जीवन छत्कुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लायन्स डिस्ट्रिक्ट ३२५ 'एस'का दोस्रो भाइस डिष्ट्रिक्ट गभर्नर (भिडिजी) अंकिता सुमार्गीको प्रमुख आतिथ्यमा कपडा वितरण गरिएको हो । कमल अधिकारीको संयोजनमा कार्यक्रम भएको हो । कार्यक्रममा लायन्स डिस्ट्रिक्ट ३२५ 'एस' का दोस्रो भाइस डिष्ट्रिक्ट गभर्नर (भिडिजी) मा निर्वाचित भएकी सुमार्गीलाई क्लबले सम्मान गरेको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१ का वडाध्यक्ष तथा हेटौंडा उपमहानगर प्रवक्ता सविन न्यौपाने, क्लबका चार्टरड अध्यक्ष कैलाश ढकाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लवाङ सिन्तानलगायतको उपस्थिति रहेको थियो । लायन्स क्लब हेटौंडा स्मारकका पूर्वअध्यक्ष सन्तोष पराजुली जेसीआई हेटौंडाको गरिमामय अध्यक्ष पदमा निर्वाचित भएको उपलक्ष्यमा क्लबले पराजुलीलाई सम्मान गरेको छ ।

# वनक्षेत्रका प्राविधिक जनशक्ति कटौती नगर्न ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ बागमती प्रदेशमा वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन (ओएनएम) संरचना पुनर्लेखन गर्ने क्रममा प्राविधिक जनशक्ति कटौती गर्न लागिएको भन्दै वन सम्बद्ध विभिन्न पेसागत संघसंस्थाले कडा आपत्ति जनाएका छन् ।

प्रदेश राष्ट्रिय वन ऐन २०७६ लगायतका कानुन तर्जुमा भइरहेको अवस्थामा मौजुदा दरबन्दी घटाउँदा सेवा प्रवाहमा गम्भीर असर पर्ने भन्दै तीनवटा प्रमुख वनप्राविधिक संघहरुले संयुक्तरुपमा ध्यानाकर्षण गराएका हुन् । नेपाल वन प्राविधिक संघ (एनएफए) बागमतीका अध्यक्ष उत्तम चापागाईंले प्रदेशको जैविक विविधता र पर्यावरणीय संवेदनशीलतालाई ध्यानमा राख्दै संरचना पुनर्लेखन गर्नुपर्नेमा जोड दिएका छन् । वन, वन्यजन्तु तथा जलाधार संरक्षणमा प्राविधिक जनशक्ति मेरुदण्डकारुपमा रहेको उल्लेख गर्दै उनले छोटो अवधिमै दरबन्दी कटौती गरिँदा त्यसले वातावरणीय दिगोपन र सेवाको गुणस्तरमा प्रत्यक्ष नकारात्मक असर पार्ने चेतावनी दिएका छन् ।

नेपाल वन प्राविधिक संघ (नेफ्टा), नेपाल फरेस्टर्स एसोसिएसन (एनएफए) र जुनियर फरेस्टर्स एसोसिएसन नेपाल (जेफान) बागमती प्रदेश कार्यसमितिले मन्त्रालयलाई बुझाएको ध्यानाकर्षणपत्रमा जनशक्तिको वास्तविक आवश्यकतामाथि गहिरो अध्ययन गरेरमात्र निर्णय लिन आग्रह गरिएको छ । प्राविधिकको सीप अभिवृद्धि, क्षमता विकास र प्रोत्साहनका उपाय अवलम्बन गर्न सुझाव दिँदै उनीहरुले दरबन्दी कटौतीको साटो उचित व्यवस्थापनमा जोड दिएका छन् ।

संगठन तथा व्यवस्थापन संरचना पुनर्लेखनको प्रक्रियामा कर्मचारी संघसंस्था, विज्ञ तथा सरोकारवालाको रायलाई प्राथमिकताका साथ समेट्न पनि माग गरिएको छ । संयुक्त ध्यानाकर्षणपत्रमा एनएफएका अध्यक्ष उत्तम चापागाईं, नेफ्टाका अध्यक्ष वसन्तराज गौतम र जेफानका अध्यक्ष राजेशकुमार साहले हस्ताक्षर गर्दै मन्त्रालयको ध्यानाकर्षण गराएका हुन् ।

# भुटनदेवी टोलविकासको भवन बन्दै, नेतृत्वमा पुन: कँडेल

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ हेटौंडामा टोलविकास संस्थाहरु सबल हुँदै गएका छन् । वडाभित्रका टोलको समस्या समाधान, पूर्वाधार विकास र टोलबासीलाई सुविधाका लागि टोलविकास संस्थाहरु अपरिहार्य जस्तै देखिएको छ ।



हेटौंडा-१० मा रहेको भुटनदेवी टोलविकास संस्था अब्बल देखिएको छ । संस्थाले शनिबार २५ औं साधारणसभा गर्दै भवन बन्न लागेको जनाएको छ । संस्थासँग २५ लाख रुपैयाँ भन्दा बढी रकम पनि मौज्दात छ । टोल विकास संस्थाले टोलको विकासका लागि वडा सरकारलाई बजेट निर्माणमा पनि महत्वपूर्ण भूमिका खेल्नसक्छ भन्दै साधारणसभाका वक्ताले शुभकामना दिए । हेटौंडा-१० का वडाध्यक्ष फुर्वादोर्जे लामाले टोल विकास संस्थामा नेतृत्व गर्नेहरु नै भावी जनप्रतिनिधिका रुपमा स्थापित हुने गरेको बताए ।

टोल विकास संस्था समन्वय समिति हेटौंडाका महासचिव देवकुमार श्रेष्ठले वडाको विकासको मेरुदण्ड नै टोल विकास संस्था हुने भएकाले योजना निर्माण र बजेटमा टोल विकास संस्था प्रभावकारी हुनुपर्ने बताए । संस्थाकी अध्यक्ष माया कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा जेष्ठनागरिकलाई सम्मान गरिएको थियो । कोषाध्यक्ष बिमला विष्टले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । संस्थाको साधारणसभाले पुन: कँडेलकै अध्यक्षतामा नयाँ समिति चयन गरेको छ ।

समिति उपाध्यक्षमा सम्झना थापा, सचिवमा रामबाबु साह, सहसचिवमा हरि केसी, कोषाध्यक्षमा बिमला विष्ट चयन भएका छन् । यस्तै, सदस्यहरुमा मथुराबाबु शाक्य, सरिता बलामी, कमला आचार्य, कृष्णमाया रुम्बा, सुशील न्यौपाने र मदन लामालाई चयन गरेको छ ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

**सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं ।**

- 'कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।'
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं ।
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झूठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं ।
- सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं ।
- अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना